

भूमिहिनको अधिकार सुनिश्चितमा केन्द्र सक्रिय, स्थानीय सुस्त

खगेन्द्र कार्की

सिटी डेन्टल

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।



दमक-६, झापा
फाल्गुनन्द चौक
फोन: ०२३-५७५४७९



जि.प्र.का. झापा द.नं.६९। ०५७।०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसकेपछि नानिमेसमक्ष निगरानी गरौं,
- चरुतो सजावटमा विद्युत सट मई आगो लाउने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय एलाको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं ।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रहरीको तिहार लक्षित सुरक्षा योजना

झापामा निगरानी बढाइयो

जुवातास तथा सट्टेबाजी नगर्न, मादक पदार्थ सेवन गरी होहल्ला गर्न नपाइँने, राति अबेरसम्म चर्को आवाजमा डिजे तथा साउण्ड सिस्टम बजाउने, पटका पड्काउने र आतिशबाजी गर्ने गतिविधि गर्न नपाइँने, पटका तथा आतिशबाजीको प्रयोगबाट आगलागी, मानवीय चोटपटक, अंगभंग हुनसक्ने, घर तथा सम्पत्तिमा क्षति र वातावरणीय प्रदूषण हुनसक्ने भएकाले विशेष सतर्कता अपनाउन अनुरोध ।

पूर्वसन्देश समाचार

दमक/ नेपाल प्रहरीले झापामा विशेष सुरक्षा योजना अनुसार निगरानी बढाएको छ । तिहारलाई सुरक्षित, शान्तिपूर्ण र मर्यादित बनाउन नेपाल प्रहरीले विशेष सुरक्षा योजना लागू गरेको छ । चाडपर्वका वेला हुन सक्ने चोरी, लुटपाट, जुवातास, सट्टेबाजी, पटका तथा आतिसबाजीको प्रयोग, मदिरा सेवनपछि हुने होहल्ला र अन्य अवाञ्छित गतिविधि नियन्त्रण गर्न प्रहरीले सुरक्षा निगरानी बढाएको हो ।

प्रहरीले तिहारमा पटका नपड्काउन, आतिसबाजी नगर्न र जुवातास तथा सट्टेबाजीमा संलग्न नहुन सर्वसाधारणलाई आग्रह गरेको छ । त्यस्तै, देउसीभैलो कार्यक्रम स्थानीय प्रशासनले तोकेको समयभित्र मात्रै सञ्चालन गर्न र सार्वजनिक शान्ति खलल पुग्ने गतिविधि नगर्न पनि अनुरोध गरेको छ ।

नेपालीको महत्वपूर्ण पर्व तिहार, नेपाल संवत् तथा छठपर्वलाई लक्षित गर्दै नेपाल प्रहरीले 'चाडपर्वलक्षित विशेष सुरक्षा योजना, २०८३' लागू गरेसँगै झापामा पनि प्रहरीले विशेष सुरक्षा अन्तरगत निगरानी बढाएको हो ।

चाडपर्वका समयमा शान्ति, सुरक्षा कायम राख्न तथा सम्भावित आपराधिक र अवाञ्छित गतिविधि नियन्त्रण गर्न प्रहरीले विशेष सुरक्षा व्यवस्था मिलाएको हो । यो योजना देशभरका जिल्ला प्रहरी कार्यालय मार्फत कार्यान्वयन गरिने भएको छ ।

जसअन्तरगत झापामा पनि विशेष सुरक्षा योजना अघि बढाइने झापा जिल्ला प्रहरी कार्यालयका प्रवक्ता सुवास बुढाथोकीले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय झापाका अनुसार चाडपर्वका समयमा हुनसक्ने चोरी, लुटपाट, जुवातास, सट्टेबाजी, कैफेगडा तथा अन्य आपराधिक गतिविधि नियन्त्रण गर्न आवश्यकताअनुसार प्रहरी परिचालन गरिएको छ । सार्वजनिक यातायात, मुख्य बजार क्षेत्र, सीमानाका तथा भन्सार क्षेत्रमा विशेष निगरानी र चेकजाँचलाई तीव्र बनाइएको छ ।

तिहारका समयमा बालिने दियो, बत्ती तथा पटाकाबाट हुनसक्ने आगलागी र दुर्घटनाको जोखिमलाई मध्यनजर गर्दै दमकल तथा विपद् व्यवस्थापन टोलीलाई २४सै घण्टा तयारी अवस्थामा राख्न दमक नगरपालिका र सम्बन्धित सरोकारवाला सामाजिक संघसंस्थासंस्थालाई आग्रह गरिएको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

कार्यालयका अनुसार देउसी-भैलो कार्यक्रम स्थानीय प्रशासनले तोकेको समयभित्र मर्यादित रुपमा सञ्चालन गर्न आग्रह गरिएको छ । त्यस्तै, पटकालगायतका प्रज्ज्वलनशील तथा विस्फोटक पदार्थको गैरकानुनी ओसारपसार, भण्डारण र बिक्रीवितरण नियन्त्रण गर्न सीमानाका, भन्सार क्षेत्र र बजारमा विशेष 'चेकिङ' टोली परिचालन गरिएको छ ।

प्रहरीको केन्द्रीय कार्यालयले पटका नपड्काउन, जुवातास तथा सट्टेबाजी नगर्न, मादक पदार्थ सेवन गरी होहल्ला नगर्न र शान्तिपूर्ण रुपमा चाडपर्व मनाउन स्थानीय रेडियो, पत्रपत्रिका तथा सामाजिक सञ्जालमार्फत सचेतनामूलक सूचना प्रवाह गरिरहेको छ । जुवातास तथा अन्य अवाञ्छित गतिविधि हुनसक्ने सम्भावित क्षेत्रमा सादा पोसाकका प्रहरी परिचालन गर्न निर्देश गरिएअनुसार नै जिल्लामा पनि सोही अनुसार सक्रियता बढाइएको बताइएको छ ।

चाडपर्वका अवसरमा आयोजना हुने ज्याती, जुलुस तथा शोभायात्राका क्रममा दुई समुदायबीच हुनसक्ने विवाद र झडप न्यूनीकरण गर्न सुरक्षा व्यवस्था थप मजबुत पारिएको छ भने राति अबेरसम्म चर्को आवाजमा डिजे

बाँकी ४ पेजमा ▸▸

आज तिहारको पहिलो दिनः काग तिहार मनाइँदै

दमक/ आज देशभर तिहारको पहिलो दिन अर्थात् काग तिहार मनाइँदै छ । प्रत्येक वर्ष कार्तिक कृष्ण त्रयोदशीका दिनबाट सुरु हुने पाँच दिने तिहार पर्व आज काग तिहारसहित सुरु भएको हो ।

तिहारलाई यमपञ्चक पनि भनिन्छ, जसको पहिलो दिन काग तिहार, दोस्रो दिन कुकुर तिहार, तेस्रो दिन लक्ष्मीपूजा, चौथो दिन गाई तिहार र पाँचौं दिन भाइटिका गरी पाँच दिनसम्म मनाइन्छ ।

वैदिक सनातन हिन्दु धर्म अनुसार कागलाई यमराजको सन्देशवाहकका रुपमा पूजा गरिन्छ । नेपाली समाजमा अझै पनि काग करायो भने पाहुना आउँछ भन्ने जनविश्वास रहेको छ । यस दिन बिहानै कागलाई आदरपूर्वक पूजा गरेर दही भात लगायतका मिठा परिकार अर्पण गर्ने चलन छ । 'काकेन दधि भक्षितम्' कागलाई दही भात खुवाएमा उसले यमराज समक्ष राम्रो सन्देश पुऱ्याउँछ भन्ने धार्मिक विश्वास छ ।

कागलाई नदिई आफूले खाएमा पापको भागी भइन्छ भन्ने पनि मान्यता छ ।



त्यसैले आजको दिन कागलाई प्रसन्न पार्दै यमदण्डरुपी संकटबाट मुक्त रहोस् भनेर प्रार्थना गरिन्छ । यो पर्वले धार्मिक पक्ष मात्र नभई मानिस र जनावरबिचको सम्बन्ध, पक्षीप्रति कृतज्ञता, तथा प्रकृतिप्रतिको सम्मानको सन्देश पनि दिन्छ ।

धर्मशास्त्र अनुसार यमराजले पृथ्वीमा रहेका सबै जीवहरुको जन्म मृत्युको विवरण राख्ने गर्छन् । सो विवरण त्यासैले राख्ने कार्य कागले गर्छ भन्ने विश्वास आज पनि रहँदै आएको छ । आकाश मार्गबाट छिटो सन्देश त्याउने र पठाउने क्षमताका कारण यमराजले कागलाई आफ्नो दूत नियुक्त गरेको जनश्रुति पाइन्छ ।

बाँकी ४ पेजमा ▸▸

दानबहादुर कार्कीको रिटमा ३० गते छानविन हुने



दमक/ प्रहरी महानिरीक्षक (आईजीपी) पदबाट हटाएर प्रधानमन्त्रीको सुरक्षा सल्लाहकार बनाइएका दानबहादुर कार्कीको रिट सर्वोच्च अदालतमा दर्ता भएको छ । रिटमाथि सुनुवाइका लागि कात्तिक ३० गते पेसी तोकिएको छ ।

कार्कीले बिहीबार सर्वोच्च अदालतमा रिट पेस गरेका थिए । शुक्रबार रिट दर्ता भएको हो । बिहीबार अध्ययनका क्रममा रहेकाले निवेदन दर्ता हुन नसकेको बताइएको थियो ।

कात्तिक २२ देखि २६ गतेसम्म तिहार बिदा छ । कात्तिक २७ गते एक दिन मात्रै कार्यालय खुल्नेछ । त्यसपछि साप्ताहिक बिदाका कारण कात्तिक २८ र २९ गते सार्वजनिक बिदा रहेकाले ३० गते सुनुवाइका लागि पेसी तोकिएको हो ।

सरकारले बुधबार कार्कीलाई

बाँकी ४ पेजमा ▸▸

नौ महिनादेखि इलामको हवाई सेवा ठप्प

इलाम/ इलामको फाल्गुनन्द सुकिलुम्बा विमानस्थलमा पछिल्लो नौ महिनादेखि हवाई सेवा ठप्प छ । परीक्षण उडानका बेला हजारौं मानिसको भिड लागेको विमानस्थल अहिले सुनसान बनेको छ । करोडौं रुपियाँ खर्च गरेर निर्माण गरिएको विमानस्थल ठप्प हुँदा इलामबासी हवाई यात्राका लागि अझै झापाको भद्रपुर वा मोरङको विराटनगर विमानस्थल पुग्न बाध्य छन् ।

विमानस्थल निर्माण प्रक्रिया २०५८ सालमा सुरु भएको थियो । २०६७ सालमा शिलान्यास भए पनि बजेट अभावका कारण निर्माणले गति लिन सकेन । २०७८ सालमा धावनमार्ग निर्माण पूरा भएको थियो । ३२८ रोपनी क्षेत्रफलमा फैलिएको विमानस्थलमा ६७० मिटर लामो र २० मिटर चौडा धावनमार्ग कालोपत्र गरिएको छ ।

विमानस्थल निर्माणका लागि स्थानीयबासीले समेत जग्गा र आर्थिक सहयोग गरेका थिए । कसैले एक रोपनी त

बाँकी ४ पेजमा ▸▸

राजवंशी र मैथिली भाषामा सरकारी कामकाज शुरू

झापा/ कोशी प्रदेश सरकारले मान्यता दिएसँगै झापामा राजवंशी र मैथिली मातृभाषामा सरकारी कामकाज शुरू भएको छ । शिवसताक्षी नगरपालिकाको ५ नं वडा कार्यालयले राजवंशी र मैथिली भाषालाई वडा कार्यालयको कामकाजमा प्रयोग गर्ने घोषणा गरेको हो । कोशी प्रदेश सरकारले नेपालीबाहेक १३ भाषालाई सरकारी कामकाजको मान्यता दिएको हो ।

वडा कार्यालयले आयोजना गरेको कार्यक्रममा वडा अध्यक्ष सिकिन पासवानले दुवै भाषालाई कार्यालयको कामकाजमा प्रयोग गर्ने घोषणा गरे । उनका अनुसार वडामा राजवंशी र मैथिली भाषीको उल्लेख्य बसोबास छ । स्थानीयले आफ्नै भाषामा सरकारी सेवा लिन सकून् भन्ने उद्देश्यले यो पहल गरिएको हो ।

अब वडा कार्यालयमा निवेदन, सिफारिस लगायतका काममा नेपालीसँगै राजवंशी र मैथिली भाषा प्रयोग गरिने अध्यक्ष पासवानले बताए । कार्यालयका कर्मचारीले तीनवटै भाषा बोल्न र बुझ्न सक्ने भएकाले सेवा प्रवाहमा समस्या नहुने उनको भनाइ छ ।

कार्यक्रमका प्रमुख अतिथि राजवंशी समाज विकास समितिका केन्द्रीय अध्यक्ष तथा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका पूर्व सदस्यसचिव कमल राजवंशी, पूर्ववडाध्यक्ष सत्यनारायण राजवंशी, नेपाली कांग्रेसका नेता भक्ति सिटौला, राजनारायण राजवंशी र सामाजिक अभियन्ता सूर्यनारायण ताजपुरियालगायतले मातृभाषाको संरक्षण र पुस्तान्तरणमा जोड दिए ।

कोशी प्रदेशसभाले २०८३ असोज २४ मा सरकारी कामकाजको भाषा सम्बन्धी विधेयक

बाँकी ४ पेजमा ▸▸

२ अर्ब ४४ करोडको 'भाइ मसला' आयात



दमक/ नेपालीहरुको दोस्रो ठुलो चाड तिहार (दीपावली) तथा छठ पर्वलाई लक्षित गरी चालु आर्थिक वर्ष (२०८३/०८४) को पहिलो तीन महिनामा मात्रै करिब साढे २ अर्ब रूपैयाँ बराबर को भाइ मसला नेपाल भित्रिएको छ । भाइ मसला भाइटीकाका दिन दिदीबहिनीले दाजुभाइलाई टीका लगाइदिएर सगुनका रुपमा दिने प्रचलन छ ।

भन्सार विभागको तथ्यांक अनुसार चाडपर्वमा अत्यधिक खपत हुने ओखर , काजु, बदाम, किसमिस र नरिवलको आयातका लागि मात्रै चालु आर्थिक वर्षको तीन महिनामा २ अर्ब ४४ करोड १४ लाख ७८ हजार रूपैयाँ बाहिरिएको हो । त्यसबाट राज्यले ५९ करोड ३३ लाख १५ हजार रूपैयाँ भन्सार राजस्व संकलन गरेको छ ।

चालु आर्थिक वर्षको पहिलो तीन महिनामा आयात भएका पाँच वस्तु (ओखर, बदाम, ओखर, काजु र किसमिस)हरुको विवरण हेर्दा सबैभन्दा धेरै रकम ओखर आयातमा खर्च भएको देखिन्छ । यस अवधिमा ६५ करोड ३९ लाख ९९ हजार रूपैयाँ बराबरको १५ लाख २५ हजार २५० किलोग्राम ओखर आयात भएको छ । जसबाट १५ करोड ८९ लाख ७० हजार रूपैयाँ राजस्व उठेको छ । ओखर मुख्यतया चीनबाट ४७ करोड २ लाख र अमेरिकाबाट १८ करोड ३६ लाख रूपैयाँको आयात गरिएको हो ।

त्यस्तै, भाइ मसला र पूजाआजा दुवैमा अनिवार्य मानिने नरिवल परिमाणका हिसाबले

बाँकी ४ पेजमा ▸▸

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,बाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाक्टर र आधुनिक मेसिनको सहयातले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

- डा. हेम राज मैरे
- डा. सि.पि. मैरे
- डा. राहुल गुप्ता
- डा. विवेक शिंह
- डा. टंक न्यौपाने
- डा. स्मारक दाहाल
- डा. मोलिका श्रेष्ठ
- डा. काश्मी श्रेष्ठ
- डा. सायारा ढकाल
- डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल

दमक-५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोनः ०२३-५७५९०६)

सम्पादकीय

नेतृत्व फेरिए पनि सम्बन्ध नफेरिऊन्

स्थानीय सरकारको कार्यकाल सकिन लाग्दा जनप्रतिनिधिहरु आगामी राजनीतिक समीकरण, चुनावी तयारी र आफ्नो कार्यकालको उपलब्धिको लेखाजोखामा व्यस्त हुने गर्छन् । तर यही समयमा दमक नगरपालिकाले आयोजना गरेको पूर्वजनप्रतिनिधिहरुको पुनर्मिलन तथा सम्मान कार्यक्रमले स्थानीय नेतृत्वलाई एउटा फरक सन्देश दिएको छ । पद र जिम्मेवारीको अवधि सकिए पनि समाजप्रतिको योगदान र सम्बन्धको महत्त्व कहिल्यै समाप्त हुँदैन भन्ने उदाहरण दमकले प्रस्तुत गरेको छ ।

दमक नगरपालिकाले २०४३ सालदेखि नगर पञ्चायत हुँदै नगरपालिका बनेपछिका विभिन्न कार्यकालमा जनप्रतिनिधिका रुपमा काम गरेका पूर्वमेयर, उपमेयर, प्रधानपञ्च, वडाध्यक्ष र वडा सदस्यहरूलाई एकै ठाउँमा भेला गराएर सम्मान गर्नु सामान्य औपचारिकता मात्र होइन । यो स्थानीय इतिहास, राजनीतिक अनुभव र सामाजिक योगदानको सम्मान गर्ने सकारात्मक अभ्यास हो । वर्तमान नेतृत्वले विगतका नेतृत्वलाई सम्झनु र उनीहरुका अनुभव सुन्नु आफैंमा प्रशंसनीय संस्कार हो ।

नेपालको राजनीतिक अभ्यासमा नेतृत्व परिवर्तनसँगै सम्बन्ध र व्यवहार पनि परिवर्तन हुने गरेको पाइन्छ । नयाँ नेतृत्व आएपछि पुरानो नेतृत्वलाई उपेक्षा गर्ने, अघिल्लो कार्यकालका कामलाई अवमूल्यन गर्ने र राजनीतिक प्रतिस्पर्धालाई व्यक्तिगत दूरीमा बदल्ने प्रवृत्ति स्थानीय तहसम्मै देखिन्छ । यस्तो अवस्थामा दमकले देखाएको मेलमिलापको अभ्यासले राजनीति केवल पद प्राप्ति र सत्ता सञ्चालनको माध्यम होइन, पुस्तौंसम्म हस्तान्तरण हुने सामाजिक जिम्मेवारी पनि हो भन्ने स्मरण गराएको छ ।

पूर्वजनप्रतिनिधिहरुको अनुभव वर्तमान नेतृत्वका लागि महत्त्वपूर्ण सम्पत्ति हुन सक्छ । नगर पञ्चायतका समयमा अत्यन्त सीमित बजेटमा विकास निर्माण गर्नुपर्ने अवस्था र अहिले करिब डेढ अर्ब रूपैयाँको बजेट परिचालन गर्न सक्ने क्षमताबीच ठूलो अन्तर छ । यो परिवर्तन कुनै एक कार्यकालको उपलब्धि होइन । विगतका नेतृत्वले सुरु गरेका योजना, निर्माण गरेका संरचना र स्थापित गरेका संस्थागत अभ्यासकै जगमा आजको नगरपालिका उभिएको छ । त्यसैले विकासको जस एउटै नेतृत्व वा कार्यकालले मात्र लिन खोज्नु न्यायोचित हुँदैन ।

दमक नगरपालिकाको यो कार्यक्रम अन्य स्थानीय तहका लागि पनि अनुकरणीय हुन सक्छ । स्थानीय तहले आफ्ना पूर्वजनप्रतिनिधिहरुको अभिलेख राख्ने, उनीहरुका अनुभव र सुझाव लिने तथा नगर विकासका महत्त्वपूर्ण विषयमा परामर्श गर्ने स्थायी अभ्यास विकास गर्नुपर्छ । सम्मान कार्यक्रम एक दिनको समारोहमा सीमित नभई पुस्तावीच ज्ञान र अनुभव हस्तान्तरण गर्ने माध्यम बन्नुपर्छ । अहिले स्थानीय तहहरुमा राजनीतिक ध्रुवीकरण र आरोप-प्रत्यारोप बढिरहेको सन्दर्भमा यस्तो अभ्यासको सान्दर्भिकता अझ बढेको छ । विकासका मुद्दामा दलगत आग्रहभन्दा माथि उठ्न र नगरको साझा हितमा सहकार्य गर्न यस्ता कार्यक्रमले वातावरण बनाउन सक्छन् ।

दमकको यो पहलले एउटा महत्वपूर्ण सन्देश दिएको छ-जनप्रतिनिधिको कार्यकाल समाप्त हुन सक्छ, तर समाजका लागि गरेको योगदानको मूल्य समाप्त हुँदैन । नेतृत्व फेरिनु स्वाभाविक लोकतान्त्रिक प्रक्रिया हो, तर नेतृत्वबीचको सम्मान, सद्भाव र सहकार्य हराउनु हुँदैन । दमकले सुरु गरेको यो सकारात्मक संस्कारलाई निरन्तरता दिन सके स्थानीय लोकतन्त्र अझ परिपक्व बन्नेछ ।



खगेन्द्र कार्की

भूमिहीनलाई लालपुर्जा दिने जिम्मेवारी न प्रधानमन्त्रीको व्यक्तिगत कार्यक्रम हो, न कुनै राजनीतिक दलको चुनावी उपलब्धि । यो राज्यको दायित्व हो । केन्द्रले नीति बनाउने, प्रदेशले समन्वय गर्ने र स्थानीय तहले कार्यान्वयनमा अग्रसरता देखाउने हो भने मात्रै दशकौं पुरानो समस्या समाधान हुन सक्छ ।

भूमिहिनको अधिकार सुनिश्चितमा केन्द्र सक्रिय, स्थानीय सुस्त

भूमिहीनलाई लालपुर्जा दिने विषय नेपालमा दशकौंदेखि राजनीतिको सबैभन्दा आकर्षक नाराभध्ये एक बन्दै आएको छ । निर्वाचन आउँदा सुकुम्बासी बस्ती पुग्ने, लालपुर्जा वितरण गर्ने प्रतिबद्धता जनाउने, आयोग गठन गर्ने र आश्वासन बाँड्ने परम्परा पुरानै हो । तर विडम्बना, पुस्तौंदेखि जग्गाको स्वामित्वको प्रतीक्षामा रहेका नागरिकको समस्या भने समाधान हुन सकेको छैन । यही प्रवृत्ति अन्त्य गर्ने घोषणा गर्दै अघि बढेको वर्तमान सरकारले भूमि समस्या समाधानलाई प्राथमिकतामा राखेको छ । तर सरकारको यो प्राथमिकता कार्यान्वयन गर्ने तहमा भने अपेक्षित गति देखिएको छैन । विशेषगरी स्थानीय तहको ढिलासुस्ती, प्रशासनिक उदासीनता र संघीय सरकारसँगको कमजोर समन्वय अहिले चुनौतीका रुपमा देखिन थालेका छन् ।

यसको पछिल्लो उदाहरण भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलको झापा भ्रमणलाई लिन सकिन्छ । भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरणको अवस्था बुझ्न झापा पुगेकी मन्त्री रावलले जिल्लाका १५ वटै स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृत, भूमि शाखाका कर्मचारी तथा जिल्ला भूमि समस्या समाधान समितिका पदाधिकारीसँग छलफल गर्दै प्रगतिप्रति असन्तुष्टि जनाइन् । उनले हालसम्मको काम सन्तोषजनक नरहेको र यतिबेलासम्म हजारौं परिवारले लालपुर्जा पाइसकुनुपर्ने अवस्था रहेको बताइन् । प्रक्रियागत अल्झन देखाएर अब काम रोक्न नहुने उनको स्पष्ट सन्देश थियो ।

मन्त्री रावलको झापा भ्रमण केवल औपचारिक अनुगमन थिएन । त्यसमा सरकारको आग्रह, चेतावनी र जिम्मेवारीबोध तीनवटै पक्ष देखिन्थे । उनले स्थानीय तहलाई आवश्यक कानुनी तथा नीतिगत समस्या भए सरकारले समाधान गर्ने आश्वासन दिएकी छन् । प्रशासनिक वा जनशक्तिसम्बन्धी कठिनाइ भए माथिल्लो निकायसम्म जानकारी गराउन र समाधान खोज्न पनि आग्रह गरेकी छन् । स्थानीय तहमा समस्या भए जिल्ला समिति, जिल्लामा समाधान नभए केन्द्रीय समिति र त्यहाँबाट पनि नसुल्झिए मन्त्रालय तथा मन्त्रिपरिषद्सम्म विषय पुऱ्याउन सकिने उनको भनाइ थियो । तर समस्या नै नभएको अवस्थामा काम नगरी बस्ने छुट कसैलाई नहुने उनको चेतावनी पनि उत्तिकै स्पष्ट थियो ।

सरकारको यो शैलीलाई स्थानीय तहलाई एकातिर फकाउने र अर्कोतिर जिम्मेवारीबाट पन्छिन नदिने प्रयासका रुपमा बुझ्न सकिन्छ । सरकारले आवश्यक कानुन बनाउने, नीतिगत अवरोध हटाउने, जनशक्ति र प्रशासनिक सहजीकरण गर्ने प्रतिबद्धता जनाएको छ । अब स्थानीय तहले पनि आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ भन्ने मन्त्रीको आग्रहको मूल आशय हो । वास्तवमा संघीय सरकार र स्थानीय सरकारबीचको सम्बन्ध प्रतिस्पर्धा वा राजनीतिक प्रतिशोधको होइन, नागरिकको समस्या समाधान गर्ने सहकार्यको हुनुपर्ने हो ।

झापाको तथ्यांकले पनि कामको गति किन बढाउन आवश्यक छ भन्ने देखाउँछ । जिल्ला नापी कार्यालयका प्रमुख शिवप्रसाद लम्सालका अनुसार जिल्लामा जग्गा प्राप्तिका लागि ६० हजार २०० भन्दा बढी निवेदन परेका छन् । नयाँ समिति गठन भएपछि हालसम्म ७४ जनालाई मात्रै जग्गाधनी प्रमाणपुर्जा वितरण भएको विवरण उनले सार्वजनिक गरेका छन् । निवेदनको तुलनामा वितरणको यो सत्या अत्यन्त न्यून देखिन्छ । यति ठूलो सत्यामा परिवार वर्षौंदेखि जग्गाको स्वामित्वको प्रतीक्षामा रहँदा प्रशासनिक प्रक्रिया अनन्तकालसम्म लम्ब्याइरहन मिल्दैन ।

तर यहाँ अर्को महत्त्वपूर्ण पक्ष पनि छ । नेपालमा संघीय सरकार र स्थानीय तहबीच राजनीतिक सम्बन्ध सधैं सहज छैन । स्थानीय तहमा लामो समयदेखि स्थापित राजनीतिक दलका नेतृत्व र तिनकै प्रभावमा बनेका प्रशासनिक संरचनाले नयाँ सरकारका प्राथमिकतालाई कसरी ग्रहण गर्छन् भन्ने प्रश्न उठ्न थालेको छ । संघीय सरकारको नेतृत्व परिवर्तन भए पनि स्थानीय तहमा पुरानै राजनीतिक नेतृत्व, पुरानै कार्यशैली र पुरानै प्रशासनिक संस्कार कायम छन् । यस्तो अवस्थामा केन्द्र सरकारले अघि सारेका कार्यक्रमप्रति स्थानीय तहको अपनत्व कति छ भन्ने प्रश्न स्वाभाविक रुपमा उठ्छ ।

पछिल्लो समय कतिपय स्थानीय तहका जनप्रतिनिधि तथा राजनीतिक दलका नेताहरु संघीय सरकारको आलोचनामा सक्रिय देखिन्छन् । सरकारका निर्णय, कार्यशैली र प्राथमिकतामाथि प्रश्न उठाउनु लोकतान्त्रिक अधिकार हो । तर सरकारको आलोचना गर्ने नाममा नागरिकसँग प्रत्यक्ष जोडिएका कार्यक्रमलाई नै प्राथमिकता नदिनु वा कार्यान्वयनमा उदासीनता देखाउनु उचित हुन सक्दैन । स्थानीय तहमा फरक राजनीतिक पृष्ठभूमिको नेतृत्व हुनु असहयोगको कारण बन्नु हुँदैन । यद्यपि, स्थानीय तहले राजनीतिक कारणले नै असहयोग गरेको भन्ने निष्कर्षमा पुग्नुअघि त्यसको ठोस प्रमाण र पालिकागत प्रगति पनि हेर्नुपर्छ । ढिलाइका पछाडि जनशक्ति, प्राविधिक क्षमता, कानुनी अस्पष्टता र जग्गाको उपलब्धताजस्ता वास्तविक समस्या पनि हुन सक्छन् ।

स्थानीय तह संघीय सरकारको मातहतको निकाय मात्र होइन, संविधानले अधिकार सम्पन्न बनाएको सरकार हो । त्यसैले केन्द्रले आदेश दिने र स्थानीय तहले पालना गर्ने सम्बन्धभन्दा पनि साझा जिम्मेवारी र सहकार्यको सम्बन्ध स्थापित हुनुपर्छ । तर स्वायत्तताको अर्थ जिम्मेवारीबाट उन्मुक्ति होइन । भूमिहीनका निवेदन वर्षौंसम्म थन्क्याएर राख्ने, नापजाँच र प्रमाणीकरणमा अनावश्यक ढिलाइ गर्ने तथा फाइल एक कार्यालयबाट अर्को कार्यालयमा घुमाइरहने प्रवृत्तिको जवाफदेहिता स्थानीय तहले लिनैपर्छ ।

मन्त्री रावलले झापामा दिएको सन्देशको महत्त्व यहींनेर छ । सरकारले आवश्यक कानुनी व्यवस्था मिलाइसकेको र थप समस्या आए समाधान गर्न तयार रहेको बताउँदै उनले स्थानीय तहलाई कामको परिणाम देखाउन आग्रह गरेकी छन् । कनकाई नगरपालिका(७ को सुकुम्बासी बस्तीमा पुगेर स्थानीयका गुनासा सुन्नु र भद्रपुरमा जिल्लाका अधिकारीसँग प्रगति समीक्षा गर्नुले सरकार यो विषयलाई कागजी कार्यक्रममै सीमित राख्न नचाहेको सन्देश दिन्छ । उनले लालपुर्जाको विषयलाई फेरि चुनावी नारा बन्न नदिने प्रतिबद्धतासमेत व्यक्त गरेकी छन् ।

अब सरकारले पनि आफ्नो प्रतिबद्धतालाई परिणाममा बदल्नुपर्नेछ । कुन पालिकामा कति निवेदन छन्, कति परिवारको प्रमाणीकरण भयो, कति जग्गा नापजाँच भयो र कति लालपुर्जा वितरण भए भन्ने विवरण सार्वजनिक गर्नुपर्छ । काम नगर्ने निकायको पहिचान गरी कारणसहित जवाफदेही बनाउनुपर्छ । तर दबाब दिने नाममा हतारमा अपूरो प्रक्रिया पूरा गरेर गलत व्यक्तिलाई जग्गा वितरण गर्ने जोखिम पनि लिनु हुँदैन । वास्तविक भूमिहीनको पहिचान र सार्वजनिक जग्गाको संरक्षण दुवै उतिकै महत्त्वपूर्ण छन् ।

राजनीतिक दलहरुले पनि भूमि समस्यालाई आफ्नो प्रभाव विस्तार गर्ने माध्यम बनाउन छाड्नुपर्छ । हिजो सरकारमा हुँदा समाधान गर्न नसकेको विषय आज अर्को सरकारले अघि बढाउँदा त्यसलाई असफल पार्ने प्रतिस्पर्धा लोकतान्त्रिक अभ्यास होइन । त्यस्तै, वर्तमान सरकारले पनि सबै स्थानीय तहलाई एउटै दृष्टिले हेर्नुभन्दा तथ्यांकका आधारमा कामको मूल्यांकन गर्नुपर्छ । जहाँ काम भएको छ, त्यहाँ प्रोत्साहन र जहाँ अनावश्यक ढिलाइ छ, त्यहाँ जवाफदेहिता आवश्यक छ ।

अन्ततः भूमिहीनलाई लालपुर्जा दिने जिम्मेवारी न प्रधानमन्त्रीको व्यक्तिगत कार्यक्रम हो, न कुनै राजनीतिक दलको चुनावी उपलब्धि । यो राज्यको दायित्व हो । केन्द्रले नीति बनाउने, प्रदेशले समन्वय गर्ने र स्थानीय तहले कार्यान्वयनमा अग्रसरता देखाउने हो भने मात्रै दशकौं पुरानो समस्या समाधान हुन सक्छ ।

भूमिहीनका नाममा राजनीति गर्ने समय अब सकिनुपर्छ । केन्द्रमा जुनसुकै दलको सरकार होस्, स्थानीय तहमा जुनसुकै दलको नेतृत्व होस्, लालपुर्जा पाउने नागरिकको अधिकारमा त्यसले कुनै फरक पार्नु हुँदैन । सरकारको प्राथमिकतालाई स्थानीय तहले राजनीतिक चस्माबाट होइन, नागरिकको आवश्यकताबाट हेर्नुपर्छ । किनकि भूमिहीनले कुन दलको सरकारले लालपुर्जा दियो भन्नेभन्दा पनि आफूले कहिले आफ्नो जमिनको स्वामित्व पाउँछु भन्ने प्रश्नको जवाफ खोजिरहेका छन् ।

पाठक पत्र

उजुरीको चाङ लागेका न्यायाधीश नै योग्य हुन र ?

सम्पादकज्यू,

न्यायपालिकाका विषयमा केही बोल्न मन लाग्यो ।

न्यायपालिका लोकतन्त्रको महत्वपूर्ण आधारस्तम्भ हो । नागरिकले राज्यका अन्य निकायबाट न्याय नपाउँदा अन्तिम भरोसा गर्ने ठाउँ न्यायालय नै हो । तर पछिल्लो समय न्यायपालिकालाई राजनीतिक दलका नेताहरुले आफ्ना कर्तुत ढाकछोप, आफूअनुकूल निर्णय गराउने र राजनीतिक प्रतिस्पर्धीको तेजोबध गर्ने थलोका रुपमा प्रयोग गर्न खोजेको देखिन्छ । यस्तो अवस्थामा न्यायालयप्रतिको जनविश्वास कमजोर हुनु स्वाभाविक हो ।

अहिले सर्वोच्च अदालतका लागि प्रस्तावित चार जना न्यायाधीशको नियुक्ति प्रक्रिया संसदीय सुनुवाइ समितिमा पुगेको छ । उनीहरुविरुद्ध २८ वटा उजुरी पर्नुले नियुक्ति प्रक्रिया सामान्य विषय होइन भन्ने देखाएको छ । प्रस्तावित न्यायाधीश डा. रत्नबहादुर बागचन्दविरुद्ध पाँच, चन्द्रबहादुर सारुविरुद्ध छ, जनक पाण्डेविरुद्ध ९० र गोकर्ण डाँगीविरुद्ध सातवटा उजुरी परेको विवरण सार्वजनिक भएको छ । चारै जनाविरुद्ध १३ जना उजुरीकर्ताले उजुरी दिएका छन् । तीमध्ये पाँच जनाले चारै जनाविरुद्ध उजुरी दिएको बताइएको छ ।

यी उजुरीलाई केवल नियुक्ति रोक्ने औजारका रुपमा लिनु हुँदैन । उजुरीमा उठाइएका विषयको गम्भीरतापूर्वक छानबिन गर्नु संसदीय सुनुवाइ समितिको जिम्मेवारी हो । उजुरी परेको आधारमा कसैलाई दोषी ठहर गर्न मिल्दैन, तर उजुरीको बेवास्ता गरेर नियुक्ति प्रक्रिया अघि बढाउनु पनि उचित हुँदैन । उजुरीकर्ताले उठाएका प्रश्नको तथ्यगत परीक्षण हुनुपर्छ र प्रस्तावित न्यायाधीशले पनि आफ्नाबारे उठेका प्रश्नको स्पष्ट जवाफ दिने अवसर पाउनुपर्छ ।

समितिले उजुरीकर्तासँग छलफल गरी त्यसपछि प्रस्तावित न्यायाधीशसँग सुनुवाइ गर्ने कार्यतालिका बनाएको छ । समयसीमा नजिकिँदै गएको र दर्शै-तिहारको बिदाका कारण प्रक्रिया प्रभावित हुन सक्ने अवस्थालाई ध्यानमा राखेर छिटो निर्णय गर्नुपर्ने दबाब पनि छ । तर छिटो नियुक्ति गर्ने नाममा न्यायिक नियुक्तिको गुणस्तर र निष्पक्षतामा सम्झौता हुनु हुँदैन ।

नेपालमा स्वच्छ छवि भएका योग्य व्यक्ति पाउन कठिन हुँदै गएको हो कि भन्ने प्रश्नसमेत उठ्न थालेको छ । यदि प्रस्तावित व्यक्तिहरुमध्ये कसैको योग्यता, आचरण वा निष्पक्षतामाथि गम्भीर प्रश्न छन् भने त्यसको जवाफ खोजिनुपर्छ । नियुक्तिका लागि योग्य व्यक्तिको छनोट राजनीतिक भागबन्डा, पहुँच र निकटताका आधारमा होइन, क्षमता, इमानदारी र व्यावसायिक निष्पक्षताका आधारमा हुनुपर्छ ।

न्यायाधीश नियुक्ति कुनै दल वा नेताको प्रतिष्ठाको विषय होइन, आम नागरिकको न्याय पाउने अधिकारसँग जोडिएको विषय हो । त्यसैले संसदीय सुनुवाइ समिति निष्पक्ष, पारदर्शी र जिम्मेवार बन्नुपर्छ । नराम्रामध्ये केही राम्रा छान्ने बाध्यता सिर्जना भएको हो भने पनि त्यसलाई स्वीकार गरेर कमजोर मापदण्डमा नियुक्ति गर्नु हुँदैन । न्यायपालिकाको गरिमा जोगाउने हो भने नियुक्तिको पहिलो सर्त नै स्वच्छ छवि, निष्पक्षता र जनविश्वास हुनुपर्छ । - कविता आले, झापा

सामाजिक सञ्जाल

भविष्यको सहरीकरणलाई ध्यान दिएर सडक बनाउनुपर्छ : देवराज तामाङ



मोरङको सुन्दरहरैचा क्षेत्रमा निर्माणाधीन एसियन हाइवेबारे स्थानीय अगुवा देवराज तामाङले सडकको मापदण्ड निर्धारण गर्दा वर्तमान अवस्थामात्र नभई भविष्यको सहरीकरणलाई समेत ध्यान दिनुपर्ने धारणा राखेका छन् । गोठगाउँदेखि दुलारीसम्मको सडकलाई २४ मिटरको ग्रामीण मापदण्डमा सीमित गरिएको विषयमा उनले प्रश्न उठाएका छन् । तीव्र रुपमा बस्ती विस्तार भइरहेको र व्यापारिक गतिविधि बढिरहेको क्षेत्रमा सौंघुरो सडक बनाउँदा भविष्यमा समस्या निम्तिन सक्ने उनको भनाइ छ । अहिले नै आवश्यक चौडाइ, फुटपाथ, ढल निकास, पार्किङ र स्थानीय सवारीका लागि उपयुक्त संरचना निर्माण गर्न नसके पछि पुनः विस्तार गर्दा थप खर्च र क्षति बेहोर्नुपर्ने अवस्था आउन सक्छ । त्यसैले अन्तर्राष्ट्रिय महत्वको सडक निर्माण गर्दा दीर्घकालीन सहरी विकासको योजनासँग मिलाएर काम गर्नुपर्ने उनको धारणा छ ।

सडकले बजारको व्यापारिक भविष्य निर्धारण गर्छ : प्रलाद थोप्रा लिम्बु

गछिया बजार व्यवस्थापन समितिका संयोजक प्रलाद थोप्रा लिम्बुले एसियन हाइवे निर्माण गर्दा बजार क्षेत्रको आवश्यकता र व्यापारिक सम्भावनालाई प्राथमिकतामा राख्नुपर्ने बताएका छन् । उनका अनुसार सडक विस्तार भनेको सवारीसाधन आवतजावत सहज बनाउने कामभात्र होइन, बजारको आर्थिक गतिविधि र भविष्यको विकाससँग पनि जोडिएको विषय हो । सडक साँघुरो हुँदा सवारी चाप बढ्ने, पार्किङको समस्या हुने र पैदलयात्रीको सुरक्षामा चुनौती थपिने अवस्था आउँछ । त्यसले बजारको व्यापारिक गतिविधिमा समेत असर पार्न सक्छ । अन्तर्राष्ट्रिय स्तरको सडक निर्माण गर्दा स्थानीय बजारलाई विस्थापित वा अव्यवस्थित बनाउने होइन, व्यवस्थित व्यापारिक केन्द्रका रुपमा विकास गर्न सहयोग पुग्ने संरचना बनाउनुपर्ने उनको आशय छ । सडकको डिजाइन र निर्माणमा स्थानीय व्यवसायी तथा सरोकारवालाको सुझाव समेटिनुपर्ने आवश्यकता पनि उनको भनाइले देखाउँछ ।

डीपीआर निर्माणमै पर्याप्त अध्ययन हुनुपर्थ्यो : मनोज राई

गछिया युवा समाजका सल्लाहकार मनोज राईले एसियन हाइवे निर्माणको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गर्ने प्रक्रियामाथि प्रश्न उठाएका छन् । एउटै सडकका आसपासका खण्डलाई सहरी मापदण्डमा राख्ने तर तीव्र रुपमा विकसित हुँदै गएको गोठगाउँ(दुलारी क्षेत्रलाई ग्रामीण मापदण्डमा सीमित गर्नुको आधार स्पष्ट हुनुपर्ने उनको धारणा छ । सडक निर्माणजस्तो दीर्घकालीन प्रभाव पार्ने योजनामा स्थानीय जनघनत्व, बजार विस्तार, व्यापारिक सम्भावना र भविष्यको जनसंख्या वृद्धिको अध्ययन आवश्यक हुन्छ । डीपीआर बनाउँदा यस्ता पक्षलाई पर्याप्त ध्यान नदिइए त्यसको असर वर्षौंसम्म रहन सक्छ । अहिलेको आवश्यकतामात्र हेरेर सडक निर्माण गर्नु पर्याप्त नहुने उनको दृष्टिकोण छ । स्थानीय बस्तीको भविष्यलाई ध्यानमा राखेर सडकको मापदण्ड पुनरावलोकन गर्नुपर्ने उनको भनाइ छ ।

नगरभर एकरूप सडक मापदण्ड आवश्यक : कैलाश बस्नेत

सुन्दरहरैचा नगरपालिका वडा नम्बर ४ का अध्यक्ष कैलाश बस्नेतले एसियन हाइवे निर्माणमा नगर क्षेत्रको समग्र विकासलाई ध्यान दिनुपर्ने बताएका छन् । उनका अनुसार सडकको डीपीआर तयार भएको समय र अहिलेको अवस्थाबीच ठूलो परिवर्तन आइसकेको छ । त्यसबेला तयार गरिएको योजनाले भविष्यमा हुने सहरी विस्तार र आवश्यक पूर्वाधारलाई पर्याप्त रुपमा समेट्न नसकेको देखिएको छ । एउटै नगरभित्र सडकको मापदण्ड फरक हुँदा सहरी विकासमा असन्तुलन आउन सक्ने भएकाले नगरभर एकरूप मापदण्ड अपनाउनुपर्ने उनको जोड छ ।

फेरीमार्फत् परम्परा धान्ने जोगीहरू पनि ठगीमा



आधुनिक जीवनशैली र सामाजिक परिवर्तनसँगै लोप हुने अवस्थामा पुगेको पुरुष्यौंली पेसा जोगाउन अर्जुन जोगीको प्रयास, परम्परा धान्ने क्रममा अपमान र ठगीको समेत सामना

रातको सुनसान समयमा गाउँबस्तीका घरघरमा पुगेर वरौंठ (बरौंठको सिङ्) बजाउँदै मन्त्र जप्ने जोगीहरु अहिले कमै भेटिन्छन् । कुनै समय गाउँघरको धार्मिक तथा सांस्कृतिक जीवनसँग अभिन्न रुपमा जोडिएको फेरी लगाउने परम्परा पछिल्लो समय लोप हुने अवस्थामा पुगेको छ । यही परम्परालाई निरन्तरता दिँदै आएका भोजपुरका अर्जुन जोगी भने पुरुष्यौंली पेसाको संरक्षणमा जुटिरहेका छन् ।

भोजपुरको अरुण गाउँपालिका(१ याङपाङसैंग जोडिएको यो परम्परालाई झापाको दमकस्थित वडा नं. ७ मा रहेर पनि निरन्तरता दिँदै आएका अर्जुनले विगत दुई दशकदेखि फेरीमार्फत परम्परा धानेका छन् । कात्तिक, चैत र साउन महिनामा गाउँघर डुल्ने उनी महिनामा करिब २० देखि २५ दिनसम्म रातको समयमा फेरी लगाउँछन् ।

परम्परागत मान्यताअनुसार जोगीले रातको समयमा घरघर पुगेर मन्त्रसहित फेरी लगाए परिवारमा सुख, शान्ति, समृद्धि र कल्याण हुने विश्वास गरिन्छ । विशेषगरी उधौली र उभौलीका अवसरमा कात्तिक र चैत महिनालाई फेरी लगाउने मुख्य समय मानिन्छ । मध्यरातमा घरको चारै सुरमा चारपटक र मूल ढोका वा खम्बामा एकपटक गरी पाँचपटक वरौंठ बजाउँदै मन्त्र जप्ने चलन रहेको अर्जुन बताउछन् ।

फेरी लगाउन पुग्ने जोगीलाई घरधनीले चामल, धान, मकै, कोदो, दाल, नुन, तेल, मसला तथा तरकारीजस्ता खाद्यान्न दिने परम्परा थियो । जोगीको झोलीमा राखिने सामग्रीलाई नौ ग्रहसँग जोडेर हेर्ने धार्मिक मान्यता पनि छ । अहिले भने खाद्यान्नको सट्टा नगद दिने चलन बढ्दै गएको छ । यसरी प्राप्त हुने अन्नपात र नगद नै उनीहरुको जीविकोपार्जनको आधार बन्ने गरेको छ ।

तर, परम्परा जोगाउने क्रममा जोगीहरुले अनेक चुनौती सामना गर्नुपरेको अर्जुनको अनुभव छ । उनका अनुसार याङपाङमा कुनै समय १८ देखि २० घरपरिवारले फेरी लगाउने पेसा अपनाएका थिए । अहिले घटेर दुई जनामा सीमित भएको छ । नयाँ पुस्ताको आकर्षण घट्नु, समाजको बदलिँदो धारणा र जीविकोपार्जनको कठिनाइले यो पेसा संकटमा परेको उहाँ बताउनुहुन्छ ।

अर्कोतर्फ, जोगीको भेषमा ठगी गर्ने प्रवृत्तिले पनि परम्पराप्रति अविश्वास बढाएको उनको गुनासो छ । राति आफूले फेरी लगाएर फर्किएपछि बिहानै अरु व्यक्तिहरु जोगीको भेषमा घरघर पुगेर दान संकलन गर्ने गरेको उनले सुनाए । कतिपय अवस्थामा लागुऔषध दुर्व्यसनीले रातको समयमा जोगीको झोली खोस्ने, त्यसमित्रका सामग्री खोतल्ने र फालिदिने गरेको अनुभव पनि उनीसँग छ ।

पहिले श्रद्धा र सम्मानका साथ दान दिने समाजमा अहिले कतिपयले काम गर्न सक्ने उमेरमा मागेर हिँडेको भन्दै हेप्याउने गरेको उहाँको दुखेसो छ । बदलिँदो सामाजिक परिवेशमा परम्परागत पेसाबाट मात्रै जीवन चलाउन कठिन भएको उनको भनाइ छ ।

जोगीहरुको धार्मिक तथा सांस्कृतिक जीवनमा चण्डीपूर्णिमाको भैरुङ पूजा पनि विशेष महत्वको मानिन्छ । एउटै भैरुङ मान्ने जोगीहरु एकै स्थानमा भेला भएर पूजाआजा गर्ने परम्परा छ । यसले जोगी समुदायबीचको सम्बन्ध र सांस्कृतिक निरन्तरतालाई जोड्दै आएको छ ।

अर्जुनका लागि फेरी लगाउनु आम्दानीको माध्यम मात्र होइन, पुर्खाले हस्तान्तरण गरेको संस्कृति र पहिचान जोगाउने जिम्मेवारी पनि हो ।

उनले नयाँ पुस्तालाई यसको महत्व बुझाउन सके मात्रै परम्पराले निरन्तरता पाउने बताउँछन । पुस्तौंदेखि चल्दै आएको यो मौलिक चलन जोगाउने जिम्मेवारी जोगी समुदायको मात्र नभई समाजकै साझा दायित्व भएको उनको बुझाई छ ।

पानासोनिक
इलेक्ट्रोनिक्स वर्ल्ड,
दमक-८, झापा
विगत दुई दशक
उपभोक्ताहरुको रोजाइमा
सम्पर्क यस सम्पर्क केन्द्रले सर्व प्रकारका LED, TV, Online UPS इनभर्टर सबै एप्लाइन्जेस, Sound System, Speeker, ब्याट्री चार्जर, लेडिङ्ग मोसिन सबै मोटर, पंखा, फ्रिज, AC चारिङ मोसिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिदिन्छ ।
आफ्ने गर्नी ब्रान्ड अनुसार सबै प्रजातिका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तथार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, रोकेण्डहेण्ड मोटर र फेन पाइरहेछ ।
नोट :
१) मोडिकल हरिपटलमा प्रयोग हुने सबै सामानहरु सधैं उपलब्ध छ ।
२) यहाँ होल सेलरिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका रोकेण्डहेण्ड सामान पनि बिक्री गरिदिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

SHREE RATNA JEWELLERY
दमक-६, शंखवस्चोक, झापा
छापावाल सुन बिक्री दर 2,83,500/
चाँदी बिक्री दर 3825/-
हिजोको सुनचाँदीको दरभाउ
मिति : २०८३ कार्तिक २१
शुद्धताको ग्यारेन्टीसहित घर्हा आधुनिक तथा पौराणिक आकर्षक डिजाईनका सुनचाँदीका गरगहनाहरु बनाउनुका साथै शुभ मूल्यमा खरिद-बिक्री गरिन्छ ।
सुरक्षित सेफ लकरको आवश्यकता परेमा पनि हामीलाई सम्झानुहोला ।
सम्पर्क: ९८१९९९३१५ (9815996315)

साहित्य

भ्रमैभ्रमहरु



– रयान लम्साल

हामी
भ्रमैभ्रममा जन्मिएर
भ्रमैभ्रममा मर्नेरहेछौं ।

कोटेमा भएर दुरुप गाउनं
कोटेले नभएर,
तहुर र हुलको भलभुतैयामै
संसार अड्केको हुँदोरहेछ,
संसार चलेको,
संसार रमेको हुँदोरहेछ,
संसार विजय गरेजो कुदुशी पुतुलोहरु नै
सम्पर्कको प्रयाहरुसँगै
राजा हरिश्चन्द्र पनि बन्न पुग्दोरहेछ,
आखिर श्रीकृष्णको सुदर्शन चक्र नै
सबैथोक भएपछि
कथा, परिकथा त केवल
अल्मल्याउने,
अल्झाउने,
बल्झाउने
भ्रमैभ्रम नै हुँदोरहेछ,
पुजारीले पुजेपनि
नपुजेपनि नपुजेपनि
संसार समयको पाखनीमा कहुने
भ्रमैभ्रमकी जाली मात्रै रहेछ ।

हामी
भ्रमैभ्रममा जन्मिएर
भ्रमैभ्रममा मर्नेरहेछौं ।

– विदुला, भोजपुर

मनोरञ्जन

नेपाली हलमा हिन्दी चलचित्र रामायणको आकर्षण

दमक । तिहारको अवसर पारेर कात्तिक ९९ गते बिहीबारदेखि विश्वभर एकसाथ प्रदर्शनमा आएको बलिउड फिल्म 'रामायण'ले नेपालमा पहिलो दिन नै दुई करोड रूपैयाँभन्दा बढीको ग्रस कलेक्सन गरेको छ । प्रदर्शनको पहिलो दिन फिल्म हेर्ने दर्शकको सङ्ख्या ५० हजार नाघेको जनाइएको छ ।

अग्रिम टिकट बिक्री खुला भएसँगै फिल्मप्रति दर्शकको आकर्षण बढेको थियो । त्यसको प्रभाव प्रदर्शनको पहिलो दिन देखिएको हो । नेपालका सिनेमा हलमा फिल्मले पाएको शो सङ्ख्या र दर्शकको उपस्थिति हेर्दा दोस्रो दिन शुक्रबार पनि पहिलो दिनकै हाराहारीमा आम्दानी गर्ने अपेक्षा गरिएको छ ।

तिहारलाई लक्षित गरी प्रदर्शनमा ल्याइएको फिल्मले चाडपर्वको बिदाको समयलाई समेत व्यावसायिक रूपमा उपयोग गर्ने देखिएको छ । उपलब्ध शो सङ्ख्या र दर्शकको अकुपेन्सीले फिल्मप्रति दर्शकको चासो उच्च रहेको संकेत गरेको छ ।

नितेश तिवारी निर्देशित फिल्म 'रामायण'मा रणवीर कपूरले भगवान् राम, साईं पल्लवीले सीता, यशले रावण, रवि दुबेले लक्ष्मण र सनी देओलले हनुमानको भूमिका निर्वाह गरेका छन् । पौराणिक कथामा आधारित यस फिल्मले नेपालसहित विश्वका विभिन्न बजारमा प्रदर्शनको सुरूआतमै दर्शकको ध्यान खिचेको छ ।

सामान्य ज्ञान

१. नेपालमा राणाशासनको सुरूवात कहिले भएको थियो ? उत्तरः वि.सं. १९०३
२. नेपालमा राणाशासनको सुरूवात कसले गरेका थिए ? उत्तरः जंगबहादुर राणा
३. कोतपर्व कहिले भएको थियो ?
उत्तरः वि.सं. १९०३ असोज २ गते
४. भण्डारखाल पर्व कहिले भएको थियो ?
उत्तरः वि.सं. १९०३ कात्तिक १२ गते
५. राणाशासनका संस्थापक जंगबहादुरको वास्तविक नाम के थियो ? उत्तरः वीरनरसिंह कुँवर
६. जंगबहादुरले राणा उपाधि कहिले प्राप्त गरेका थिए ? उत्तरः वि.सं. १९०५
७. नेपालमा राणाशासन कति वर्ष चल्यो ?
उत्तरः १०४ वर्ष
८. नेपालका अन्तिम राणा प्रधानमन्त्री को थिए ?
उत्तरः मोहनशमशेर जबरा
९. राणाशासनको अन्त्य कहिले भएको थियो ?
उत्तरः वि.सं. २००७ फागुन ७ गते
१०. राणाशासनको अन्त्य हुँदा नेपालका राजा को थिए ? उत्तरः राजा त्रिभुवन
राणा प्रधानमन्त्रीसम्बन्धी प्रश्न
११. नेपालका पहिलो राणा प्रधानमन्त्री को थिए ?
उत्तरः जंगबहादुर राणा
१२. सबैभन्दा लामो समय शासन गर्ने राणा प्रधानमन्त्री को थिए ? उत्तरः चन्द्रशमशेर जबरा
१३. सबैभन्दा छोटो समय प्रधानमन्त्री भएका राणा को थिए ? उत्तरः देवशमशेर जबरा
१४. जंगबहादुरपछि राणा प्रधानमन्त्री को बने ?
उत्तरः रणोद्दीप सिंह

स्वास्थ्य

यमपञ्चकका पाँच दिन

यस्तो छ महत्व र पूजा विधि



दमक । कार्तिक कृष्णपक्षमा यमपञ्चक पर्दछ । यो कहिल्यै पनि दाँयाबाँया हुँदैन् । यसका शास्त्रीय तीनवटा कारणहरु छन् । शास्त्रको मर्यादाहरु पनि छन् । यसमा एउटा त देवासुरसंग्राम भएपछि जब देवदानवको युद्ध भयो तत्पश्चात एउटा सम्झौता भयो । समुन्द्रमन्थनको प्रस्ताव दुईवटै पक्षले स्विकार गर्यो । समुन्द्रमन्थन हुँदाखेरि १४ वटा रत्नहरु प्रकट भएका हुन् । अनि त्यहाँ एकातिर देउता र अर्कोतिर दानव भए । त्यहाँ एउटा नागलाई बनाएर विष हुने टाउकोतिर दानवहरु र पुच्छरतिर देउताहर बसे । त्यहीबाट १४ रत्न पत्ता लागेका हुन् ।

लक्ष्मीजी पनि १४ रत्नबाट प्रकट भएकी हुन् । भगवान धनवन्तरी समुन्द्र मन्थनबाट नै प्रकट हुनुभएको हो । अनि भगवान धनवन्तरी लोक कल्याणका लागि, आफ्ना देव देवतालाई अमर बनाउनका लागि अमृत घडा लिएर प्रकट हुनुभयो । अनि यही त्रयोदशी र यशी प्रदोषकाल पनि त्यतिबेलै प्रकट हुनुभएको हो । त्यसैले यो त्रयोदशीलाई प्रदोष पनि भन्ने गरिन्छ । देवताहरुले अमरत्व प्राप्त गरेको दिनलाई धनवन्तरी भनेर पनि मान्ने गरिन्छ । शास्त्रमा हेर्ने हो भने मृत्युका देवता भनेर यमराजलाई भन्ने गरिन्छ । यमदेव मृत्यका देवता हुनुहुन्छ । र सुर्यपुत्र हुनुहुन्छ शनी । यम र शनी दाजुभाई हुन् ।

काग तिहारको प्रसंग उल्लेख गर्दा मृत्युको प्रसंग पनि जोडिन्छ । मृत्युले म आउँछु तयार भएर बस्नु भनेर त भन्दैन् । मृत्युको सन्देश अप्रिय हुन्छ । कागले आखिरमा आफ्नो कर्तव्य पूरा गर्नेगर्छ । कागलाई सञ्चार माध्यमको रूपमा मानिन्छ । अहिले पनि गाँउघरमा काग आएर कतै बसेर कराये भने अशुभ मानिन्छ । त्यसले यमराजलाई सन्देश पुर्याउने काम गर्छ भन्ने विश्वास छ । साथै प्रकृतीको लागि पनि काग महत्वपूर्ण छ ।

विशेषगरी यमराजको दूतको रूपमा काग आउने गर्छन् । एउटा प्रकृतीको स्रोतको रूपमा अथवा संवाहकको रूपमा पूजा गरिन्छ । हरेक दिदीबहिनीलाई आफ्नो दाजुभाईले बोलाएको हुन्छन । त्योबेला केही अशुभ समाचार लिएर नआओस भनेर खुशी बनाउनको लागि प्रसादहरु दिएर कागको पूजा गर्ने गरिन्छ ।

त्यसैगरी कुकुरलाई भैरव र यमराजको द्वारपालको रूपमा पनि मानिन्छ । त्यही भएर यमसँग सम्बन्धित भएकाले पूजा गरिन्छ । त्यसपछि गौ पूजा गर्छौं । तिहारका हरेक दिन मृत्युसँग सम्बन्धित छन् । गाई भनेकै लक्ष्मी पनि मानिन्छ, गाईलाई लक्ष्मीलाई अर्को एउटा नाम मध्यमा सुरभी पनि भनिन्छ । गाईलाई सनातनमा जन्मदेखि मृत्युसम्मको सम्पूर्ण कर्महरुमा शुद्धताको रूपमा पुजिन्छ । गाईको गहूँतलाई जुनसुकै कर्ममा पनि प्रयोग गरिन्छ । त्यसैले वैतरणी गर्दापनि धर्म शास्त्रमा गाइको महत्व छ र संसारिक जीवनमा पनि लक्ष्मीको महत्व छ । गाईको सासदेखि दूध, गोबर जतिपनि गाइबाट प्राप्त हुने बस्तुहरु छन् । ती सबै लोकको कल्याण र जीवनको हितको लागि छन् ।

हाम्रो घरआँगन गाइको गोबरले लिप्ने चलन छ । पञ्चकको पहिलो पञ्चक नै घरमा गाइको गोबरले लिपेर शुद्ध गर्ने चलन छ । तेस्रो दिन भने हाम्रो देह, भाव, चरित्र, कर्म र आत्माशुद्धीको लागि पनि गाइको पहिले पूजा गरेर त्यसपछि लक्ष्मीको पूजा गरिन्छ ।

त्यसको भोलिपल्ट गोबर्धन पूजा गर्छौं त्यहाँ हाम्रो भगवान कृष्ण गोबर्धन पर्वत उठाएर सबैको रक्षा गर्नु भन्ने प्रसंग छ । त्यो दिन अन्नकुट पर्वत र गोबर्धन पर्वत दुबैको पूजा हुन्छ । त्यस दिन अभावमा भएका मान्छेहरुको लागि अन्न दान गर्नु र अभाव भएकाहरुको लागि वस्त्र दान गर्नु, विशेषगरी अन्नको भोजन गराउनु, दिनदुखीहरुको कल्याण गर्नु, चाडपर्व मनाउनको लागि सामान जुटाएदिनु राम्रो हुन्छ । त्यसैगरी नन्दी भगवान शिवसँग नजिक भएका हुनाले गोरूपूजा पनि गरिन्छ । गोरूलाई नन्दीको रूपमा र उसमा भएको धैर्यता, पराक्रम, बल सबैको लागि गोरू पूजा गरिन्छ । पूजा गर्नुको कारण एउटा प्रकृतीको पूजा पनि । अन्य धर्म, संस्कारमा गोरुको पूजा गरिदैंन् । सर्प, काग, कुकुरको पूजा गरिदैंन् । साथै नदी, पिपल, तुलसी, कुश सबै प्रकृतीमा भएका हितकर कुरा सबैलाई हामीले देवता मानेका छौं ।

गोरू पूजा सम्पन्न भएपछि भाइलाई पूजा गर्ने चलन छ । सम्पूर्ण कर्म पूरा गरेको छु, अनुष्ठानमा बसेको छु र भाईको सेवाको लागि म एकदम समर्पित छु भन्ने भाव प्रकट गरिन्छ । सबै अन्न मिष्ठानका सामानहरू लिएर दिदीबहिनीले दाजुभाईलाई दिने र दाजुभाइले पनि दिदीबहिनीलाई चाहेको वस्तुहरु दिने चलन छ । जसले भाइटीकाका दिनमा आफ्नो बहिनिले बनाएर दिएको मिष्ठान अथवा पानी नै भएपनि श्रद्धाले दिएको छ भने श्रद्धाको साथै ग्रहण गर्नुपर्छ । उसको जीवनमा कहिले गरिबी आउदैंन्, प्रेमको अभाव हुदैंन् ।

अब तिहार मनाउने प्रचलनको कुरा गर्दा भारत र नेपालमा भिन्न रहेको पाइन्छ । भारतमा दिवाली मन्छन्, नेपाल दिपावली भन्छै । हाम्रो दर्शैं र अन्य हिन्दुको दर्शैं फरक छ । संस्कृती एउटै हो भनेपनि धेरै कुराहरू फरक छन् । हाम्रो मौलिक पर्व हो भने उनीहरुको उत्सव मात्र हो ।

धन्तेरस हाम्रो होइन । त्रयोदशी तिथि त सबैको हो । जुन विश्वव्यापी मानिएको छ । प्रकृतिमा रहेको क्यालेन्डरलाई सबैले पलो गर्नेगर्छ । यमपञ्चकको प्रथम दिवस भनेको यमापञ्चकको प्रथम दिवस नै हो । त्यसलाई मान्ने तवर तरिकामा फरक होला । शास्त्रमा फलामका चिजहरू, औजारहरु नकिन्नु, केमिकलहरू नल्याउनु भनिएको छ । सकेसम्म पाँच दिन यमको र शनिको चिजहरू घरमा नल्याउनु सेलरोटी हाल्ने तेलपनि पहिले नै किन्नु भनिन्छ ।

अर्को रोचक कुरा के छ भने लेदर अर्थात छाजाजन्य पदार्थबाट बस्तुहरू उपहार दिनु हुँदैन । लेदरका चिजहरु शनिमा पर्छन् । यस्तो उपहार कहिल्यै दिनुहुँदैन । घडी कहिल्यै पनि उपहार दिनु हुँदैन । किनकी काल पुरुषको केन्द्रविन्दु हो । कसैलाई सिध्याउनु छ भने जुत्ता या घडी दिनु आफै एक वर्षमा सिधिन्छ । कसैसँग सम्बन्ध टाढा राख्नु छ भने शनिबार छाता या जुत्ता उपहार दिनु उ आफै टाढा भएर जान्छ । रत्न, कमलको आसनका चिजहरु सुगन्धीत अख्तरहरु घरमा ल्याउँदा राम्रो हुन्छ । फलाम छाडेर नयाँ केही न केही तामा, पित्तल, चाँदी, सुन जे सकिन्छ एउटा खरिद गर्दा राम्रो हुन्छ । धनियाँ ल्याएर यमपञ्चकमरी पूजा गरिन्छ । यसको अलग्गै महत्व छ ।

लक्ष्मीलाई बोलाउँदा नारायणसहितको आह्वान गर्‍यो भने घरमा राम्रो हुन्छ । नत्र दुई दिन आउनुहुन्छ पाहुनाको रूपमा फर्कनुहुन्छ । पूजा गर्दा लक्ष्मी नारायणसहित गर्नुपर्छ । विशेषगरी नवरत्नहरु नौ जिचहरु ,अमृतहरु र विभिन्न किसिमका जडिबुटीहरु अमृत घडा थापना गर्दा राम्रो हुन्छ । कालो हलेदो, सेतो हलेदो, पहेलो हलेदो, बेसार, धुतुरोको विशेष महत्व छ । जसलाई भाइटीकामा जलले अभिषेक गरेर दिर्घायुको कामना गरिन्छ ।

दैनिक राशिफल



आज मिति २०८३ साल कात्तिक २१ गते शनिबार
7 Nov. 2026
तिथि: त्रयोदशी
कागतिहार

ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्यानपस मोड, सगरमाथा अंचल निज्झा, उत्तर
सम्पर्कका लागि: ९८६४७०८८१/९८१४००५१६५

मेष च चे लो ला लि लैं ले लो अ
कार्यमा सफल । मावलीको सहयोग ।

वृष इ उ ए ओ वा वि वु वे वो
पढाईमा समस्या । लेनदेनमा सामान्य बृद्धि ।

मिथुन का कि कु घ ङ छ के को हा
मातामा केही समस्या । घरायसी सामान जोड्ने ।

कर्कट चु चे लो ला लि लैं ले लो अ
आयमा सामान्य बृद्धि । भाईबैनीको सहयोग ।

सिंह मा मि मु मे मो टा टि टु टे
शत्रु बढ्ने । सामान्य आम्दानी ।

कन्या टो प पी पै ध ण ठ पे पो
पाहुना सत्कार । बस्त्र लाभ ।

तुला हि ह हे हो डा डि डु डे डो
अनावश्यक खर्च । कार्यमा बाधा ।

वृश्चिक तो ना नि नै ने नो या यि यु
काका दाजुको सहयोग । लेनदेनमा सफल ।

धनु य यो भा भी भे धा फा ढ भे
सत्सार्गमा मन लाग्ने । सन्तानबाट सहयोग ।

मकर भो जा जी खि खु खे खो गा गी
मनमा अशान्ति । सरकारसँग विवाद ।

कुम्भ गै गे गो सा सि सी से सो द
अंगमा पीडा । अकस्मात केही धन लाभ ।

मीन दि दु थ झ ञ दे दो चा ची
विपरित लिंगीबाट सहयोग । कार्यमा सफल ।

'लोकतन्त्रलाई कमजोर पारियो'



दमक/ नेकपा एमालेका उपाध्यक्ष रामबहादुर थापा 'बादल'ले देशमा लोकतान्त्रिक र अधिनायकवादी शक्तिबीच संघर्ष सुरु भएको बताएका छन् । उनले जेनजी आन्दोलनलाई कब्जामा लिएको शक्तिले लोकतन्त्रलाई समेत कब्जा गर्न खोजेको धारणा व्यक्त गरे ।

शुक्रबार झापाको दमकमा पुनर्निर्माण गरिएको एमाले पार्टी कार्यालयको उद्घाटन समारोहलाई सम्बोधन गर्दै नेता थापाले लोकतान्त्रिक शक्तिलाई पुनः विजयी गराउनु सबै लोकतान्त्रिक शक्तिहरुको जिम्मेवारी भएको बताए ।

एमाले संसदीय दलका नेतासमेत रहेका थापाले विध्वंसको जगमा उभिएका शक्तिहरुले लोकतान्त्रिक शक्तिमित्र समेत विखण्डन निम्त्याइरहेको आरोप लगाए । जनअधिकार र लोकतन्त्रको रक्षाका लागि अधिनायकवादलाई परास्त गर्नुको विकल्प नरहेको उनको भनाइ छ ।

कार्यक्रममा भवन पुनर्निर्माण समितिका संयोजक अम्बिका खनालले जेनजी आन्दोलनका क्रममा आगजनी गरिएको पार्टी कार्यालय पाटी कार्यकर्तबाट प्राप्त सहयोगमा पुनर्निर्माण सम्पन्न गरिएको जानकारी दिए ।

सो अवसरमा भवन निर्माणका लागि जग्गा उपलब्ध गराउने लक्ष्मी बराल‌सहित पुनर्निर्माणमा सहयोग पुऱ्याउने व्यक्तिहरूलाई सम्मान गरिएको थियो । तिहार तथा छठलगायतका पर्वको अवसरमा शुभकामना आदानप्रदानसहित कार्यक्रम आयोजना गरिएको एमाले दमक नगर अध्यक्ष राम पौडेलले जानकारी दिए ।

क्रमशः.....

तथा साउण्ड सिस्टम बजाउने, पटका पड्काउने र आतिशबाजी गर्ने गतिविधिबाट वृद्धवृद्धा, बालबालिका तथा बिरामीलाई पर्नसक्ने असरलाई ध्यानमा राखेर निगरानी बढाइएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

मेला तथा सार्वजनिक स्थलमा प्लास्टिक, फूलमाला र पूजा सामग्रीको अव्यवस्थित विसर्जनबाट हुने जल तथा स्थल प्रदूषण रोक्न सम्बन्धित पक्षसँग समन्वय गरी सचेतना फैलाउने काम भइरहेको छ । नेपालीहरूको दोस्रो ठूलो चाड तिहार नजिकिँदै गर्दा जिल्ला प्रशासन कार्यालय झापाले समेत कानुनले निषेध गरेका प्लास्टिकजन्य फूल तथा गैरकानुनी रूपमा भित्र्याइएका विदेशी फूलको आयात, बिक्रीवितरण र प्रयोग नियन्त्रण गर्न सुरक्षा निकायहरूलाई निर्देशन दिएको छ ।

तिहार उज्यालो, खुसी, आपसी सद्भाव र भाइचाराको पर्व भएकाले यसलाई सुरक्षित, सभ्य र मर्यादित रूपमा मनाउन प्रहरीले सबैमा आग्रह गरेको छ । पटका तथा आतिशबाजीको प्रयोगबाट आगलागी, मानवीय चोटपटक, अंगभंग हुनसक्ने, घर तथा सम्पत्तिमा क्षति र वातावरणीय प्रदूषण हुनसक्ने भएकाले विशेष सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

अवैध रूपमा पटका तथा विस्फोटक पदार्थको कारोबार, भण्डारण वा प्रयोग भएको देखेमा प्रहरीको हटलाइन १०० मा जानकारी गराउनसमेत अनुरोध गरिएको छ । कुनै स्थानमा आगलागी, विस्फोट वा अन्य दुर्घटना भए तत्काल नजिकको प्रहरी कार्यालय, दमकल वा सम्बन्धित निकायमा खबर गर्न तथा घाइतेको शीघ्र उद्धार गरी नजिकको स्वास्थ्य संस्थामा पुर्याउन सहयोग गर्न प्रहरीले आग्रह गरेको छ ।

आज.....

त्यस्तै, अर्को धार्मिक किवदन्ती अनुसार वैदिक कालमा असुरराज बलि अत्यन्त दानी राजा थिए, जसका कारण देवताहरु समेत त्रसित थिए। भगवान् विष्णुले वामन अवतार धारण गरी ब्राह्मणको भेषमा बलिसँग तीन पाउको स्थान मागदा, उनले पृथ्वी, अन्तरिक्ष र अन्ततः आफ्नो शिर अर्पण गरेका थिए । विष्णुले बलिको दानशीलताबाट प्रसन्न भई उनलाई वर्षमा पाँच दिन कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीयासम्म-पृथ्वीको शासन गर्ने अधिकार दिएको धार्मिक विश्वास छ । यही अवधिमा तिहार पर्व मनाइने गरिन्छ ।

२ अर्ब.....सबैभन्दा धेरै आयात भएको छ । तीन महिनामै १ करोड ९४ लाख ६ हजार २०७ किलोग्राम नरिवल ५६ करोड ६० लाख ७० हजार रूपैयाँमा आयात भएको छ भने यसबाट ११ करोड ९० लाख ४५ हजार रूपैयाँ राजस्व संकलन भएको छ । नरिवलको आयात पूर्ण रूपमा भारतमा निर्भर छ ।

यसैगरी, बदाम (हाडे र कागजी) तर्फ ५ लाख ९ हजार ७८ किलोग्राम आयात भएको छ । जसको आयात मूल्य ४७ करोड ९३ लाख ३५ हजार रूपैयाँ छ भने यसबाट ११ करोड ६५ लाख ५३ हजार रूपैयाँ राजस्व उठेको छ । बदामको मुख्य आयात संयुक्त राज्य अमेरिकाबाट मात्रै ४७ करोड ४२ लाख रूपैयाँ बराबरको भएको छ ।

भाइ मसलामा लोकप्रिय काजु यस अवधिमा ४६ करोड ५७ लाख २६ हजार रूपैयाँको (४ लाख ६९ हजार ५१६ किलोग्राम) आयात भएको छ । यसबाट राज्यले ९३ करोड ९५ लाख ५२ हजार रूपैयाँ राजस्व पाएको छ । काजु मुख्यतया भारतबाट २५ करोड २८ लाख र भियतनामबाट २१ करोड २७ लाख रूपैयाँको भित्रिएको छ ।

त्यस्तै, किसमिसतर्फ ७ लाख ३३ हजार ५९८ किलोग्राम आयात हुँदा २७ करोड ६३ लाख ४९ हजार रूपैयाँ बाहिरिएको छ भने ६ करोड ७१ लाख ९६ हजार रूपैयाँ राजस्व संकलन भएको छ । किसमिसको मुख्य हिस्सा चीनबाट १९ करोड ११ लाख र भारतबाट ७ करोड ७० लाख रूपैयाँको आयात भएको छ ।

यस्तै ओखर पनि १५ लाख २५ हजार किलो आयात भएको छ । जसको मूल्य ६५ करोड ३१ लाख ९९ हजार रूपैयाँ बराबरको रहेको छ । ओखर आयातबाट १५ करोड ८९ लाख ७० हजार बराबरको राजस्व संकलन भएको तथ्यांक छ ।

उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०७ बस्ने यादव कुमार भुजेलको नाममा दर्ता कायम रहेको मधुमल्ला ५/झ मा भएको कि.नं. २८५७ज.वि. ०-०-१०-१मा चनेको घर अभिलेखिकरका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सूचना जारि गरि १६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा पूर्वतर्फ सँधियार जय कुमार राई उपस्थित नहुनु भएको हुँदा उर्हालाई उक्त स्थानमा घर अभिलेखिकरण गर्दा कुनै विरोध भएगा सो सूचना प्रकाशित भएको गिनिते ७ दिन भित्रगा यस कार्यालयगा उपस्थित हुन यो सूचना मर्फत जानकारी गराइन्छ अन्यथा निजको नाममा नियम अनुसार घर अभिलेखिकरण भई जाने व्यहोरा जानकारी गराइन्छ ।

अन्तर्राष्ट्रिय

ट्रम्पलाई महाभियोग लगाउने चर्चा

एजेन्सी/ अमेरिकामा भएको मध्यावधि चुनावमा राष्ट्रपति डोनाल्ड ट्रम्पको दल रिपब्लिकन पार्टी नराम्रोसँग पराजित भएको छ । रिपब्लिकन पार्टीका कैयौं गढ राज्यहरूमा अर्को बलियो पार्टी डेमोक्रेटिक पार्टीले बाजी मारेको छ ।

सन् १९९० देखि टेक्सास राज्यमा रिपब्लिकनले चुनाव जित्दै आएको थियो । तर यसपटक टेक्सास राज्य लगायत अन्य विभिन्न राज्यमा डेमोक्रेटिक पार्टीले चुनाव जितेको छ । टेक्सास राज्य अमेरिकाको दक्षिणी क्षेत्र हो । मेक्सिकोसँग सीमा जोडिएको यहाँ लामो समयदेखि आप्रवासीहरूका मुद्दा जटिल बन्दै आएका छन् ।

यसपटक अमेरिकी प्रतिनिधिसभाका ४३५ वटै सिट र सिनेटका करिब एकतिहाइ सिटका लागि भएको निर्वाचनमा राष्ट्रपति ट्रम्पले सम्पूर्ण बहुमत गुमाएका छन् । अमेरिकामा अहिले देखिएको चुनावी परिणामले ट्रम्पको ह्वाइट हाउस नीतिमा फेरबदल आउने प्रक्षेपण सुरु भएको छ । मध्यपूर्वमा ट्रम्पका कदम र इरानमाथिको दबाबबाट ह्वाइट हाउस पछि हट्ने संकेतहरू बाहिर आएका छन् । यतिबेला ट्रम्पमाथि अमेरिकामा महाभियोग लगाउनेसम्मको चर्चा सुरू भएको छ । यसबारे डेमोक्रेटिक पार्टीका वरिष्ठ नेता बाराक ओबामाले ट्रम्पमाथि केही मुद्दा उठाएर महाभियोगको बहस सुरु गरेका छन् ।

इरानलाई फेरि सैन्य कारबाहीको चेतावनी

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानविरुद्ध सैन्य कारबाही फेरि सुरु गर्ने विषयमा राष्ट्रिय सुरक्षा टोलीसँग छलफल गरेका छन् । मध्यावधि निर्वाचनमा रिपब्लिकन पार्टीले धक्का व्यहोरेपछि ट्रम्पको अभिव्यक्ति केही नरम देखिए पनि इरानमाथि थप आक्रमणको सम्भावना कायमै रहेको छ । फक्स न्युजका अनुसार ह्वाइट हाउसमा बुधबार र बिहीबार यस विषयमा महत्वपूर्ण बैठक भएका थिए । बिहीबार पत्रकारहरूसँग कुरा गर्दै ट्रम्पले इरानको आणविक कार्यक्रम स्थायी रूपमा अन्त्य गर्न थप आक्रमण आवश्यक पर्ने वा नपर्नेबारे अमेरिकाले चाँडै निर्णय गर्ने बताएका थिए । उनले इरानको बाँकी भूभागमा थप क्षति पुऱ्याउन आफू नचाहेको उल्लेख गर्दै आवश्यकता परे त्यसो गर्नुपर्ने हुन सक्ने बताएका छन् । यसअघि ट्रम्पले इरानको बाँकी सैन्य क्षमता, ऊर्जा पूर्वाधार र पुलहरूलाई निशाना बनाउन सकिने चेतावनी दिएका थिए । इरानलाई पुनर्निर्माण गर्न २५ वर्ष लाग्न सक्ने उनको अनुमान छ ।

नौ.....

कसैले ४२ रोपनीसम्म पुग्थ्यौं ली जग्गा उपलब्ध गराएका थिए । हालसम्म विमानस्थल निर्माणमा २८ करोड रुपियाँभन्दा बढी खर्च भइसकेको छ । ३१ घरपरिवारलाई जग्गाको मुआब्जाबापत दुई करोड २६ लाख रुपियाँ वितरण गरिएको थियो ।

२०७५ जेठ २१ गते तारा एयरको टिवनअटर जहाजले कच्ची धावनमार्गमा सफल परीक्षण उडान गरेको थियो । त्यसपछि २०७८ माघ २६ गते नेपाल वायुसेवा निगमको जहाजले पनि परीक्षण उडान गरेको थियो ।

परीक्षण उडानपछि नियमित सेवा सञ्चालन हुने अपेक्षा गरिए पनि केही समय सञ्चालन भएको काठमाडौं-इलाम उडान अहिले बन्द छ ।

झापाको चन्द्रगढी विमानस्थलका प्रमुख किशोरकुमार खत्रीका अनुसार गत वर्ष माघ १७ गते अन्तिम उडान भएयता इलाममा जहाज आएको छैन । नियमित उडान हुँदा यात्रुको संख्या पर्याप्त हुने गरेको थियो । तर, अनियमित उडानका कारण यात्रु पाउन कठिन हुने गरेको छ ।

दानबहादुर.....

आईजीपी पदबाट हटाएर मनोज केसीलाई नयाँ प्रहरी महानिरीक्षक नियुक्त गरेको थियो। केसीले सोही दिनदेखि कार्यभार सम्हालिसकेका छन्। कार्कीलाई प्रधानमन्त्रीको सुरक्षा सल्लाहकारको जिम्मेवारी दिइए पनि उनले मन्त्रिपरिषद्को निर्णय सम्बन्धी पत्र बुझिसकेका छैनन् ।

विद्यार्थीको दोहोरो विवरण
लाखौं रकम अपचलनको आशंका

दमक/ विद्यालय शिक्षाको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (ई-एमआईएस) मा दुई लाखभन्दा बढी विद्यार्थीको विवरण दोहोरिएको पाइएपछि लाखौं रूपैयाँ सरकारी रकम अपचलन भएको आशंकामा शिक्षा तथा खेलकुद मन्त्रालयले छानबिन अघि बढाएको छ ।

प्रणालीमा एउटै विद्यार्थीको विवरण एकभन्दा बढी पटक प्रविष्ट गरी राज्यबाट प्राप्त हुने अनुदान, छात्रवृत्ति, दिवा खाजा, पोसाक तथा पाठ्यपुस्तकलगायतका सुविधामा अनियमितता भएको हुन सक्ने आशंकामा मन्त्रालयले पाँच सदस्यीय अध्ययन तथा अनुगमन समिति गठन गरेको हो ।

मन्त्रीस्तरीय निर्णयबाट बिहीबार गठित समितिको संयोजकमा मन्त्रालयको खेलकुद तथा विद्यालय शिक्षा महाशाखाका सहसचिव शिवकुमार सापकोटा रहेका छन् । समितिका सदस्यमा शिक्षा विभागका निर्देशक भक्तबहादुर गोदार, मन्त्रालयका कम्प्युटर इन्जिनियर विनोद न्यौपाने र कानुन अधिकृत निकिता दाहाल रहेका छन् । विद्यालय शिक्षा शाखाका उपसचिव शिवप्रसाद रेग्मीलाई सदस्यसचिवको जिम्मेवारी दिइएको छ ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार अनौपचारिक अध्ययनमा ई-एमआईएस प्रणालीमा दुई लाखभन्दा बढी विद्यार्थीको विवरण दोहोरिएको देखिएको छ । दोहोरो विवरणकै आधारमा सरकारी अनुदान तथा विद्यार्थी लक्षित विभिन्न सेवा-सुविधा दोहोऱ्याएर लिएको हुन सक्ने आशंका गरिएको छ ।

मन्त्री पोखरेलले प्रणालीमा देखिएको समस्यालाई गम्भीरतापूर्वक लिइएको बताउँदै विस्तृत छानबिनपछि दोषीमाथि कारबाही गरिने जानकारी दिए । उनका अनुसार दोहोरो विवरण प्राविधिक कमजोरीका कारण सिर्जना भएको हो वा नियतवश गलत तथ्यांक प्रविष्ट गरिएको हो भन्ने विषयमा समितिले अध्ययन गर्नेछ ।

समितिलाई प्रणालीमा दोहोरो विवरण देखिनुको कारण पहिचान गर्ने, त्यसबाट सरकारी स्रोतसाधनको दुरुपयोग भएनभएको यकिन गर्ने तथा अनियमिततामा संलग्न विद्यालय, व्यवस्थापक वा जिम्मेवार व्यक्तिको पहिचान गरी कारबाहीका लागि सिफारिस गर्ने कार्यादेश दिइएको छ ।

मन्त्रालयले प्रणालीमा रहेका दोहोरो तथा फर्जी विवरण हटाई ई-एमआईएसलाई पारदर्शी, सुरक्षित र वास्तविक विद्यार्थी संख्यामा आधारित बनाउने उद्देश्यले छानबिन प्रक्रिया अघि बढाएको जनाएको छ ।

विश्व बैंकको सहयोगमा सडक निर्माण

दमक/ नेपाल सहरी शासकीय तथा पूर्वाधार आयोजनामार्फत विश्व बैंकको आर्थिक सहयोगमा बिर्तामोड नगरपालिकाको वडा नं ६, ७ र ८ मा छ पक्की सडक निर्माण भएको छ ।

नगरको बुद्धबारी बजार देखि प्याकुरेल चौक जोड्ने उक्त सडकको निर्माणमा विश्व बैंकले ५८ करोड ८३ लाख ५९ हजार ५६५ सहयोग गरेको नगरप्रमुख पवित्रा महतरा प्रसाईंले बताइन् । सडकको लम्बाइ छ दशमलव २५ किलोमिटर र चौडाइ १२ मिटर रहेको उनले जानकारी दिइन् ।

राजवंशी.....पारित गरेको थियो । प्रदेश प्रमुखबाट प्रमाणीकरण भई राजपत्रमा प्रकाशित ऐनअनुसार नेपालीसँगै मैथिली, लिम्बू, थारु, तामाङ, मगर, बान्तवा, उर्दू, राजवंशी, राई, नेवार, चाम्लिङ, शेर्पा र सन्थाली भाषालाई सरकारी कामकाजमा प्रयोग गर्ने व्यवस्था छ ।

अध्यक्ष पुष्करराज भुजेललगायत समितिका पदाधिकारी तथा सदस्यहरूको सहभागिता रहेको थियो।

पर्यटन बोर्डको सिईओको सर्टलिष्टमा १६ जना

दमक/ नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख (सीईओ) नियुक्तिका लागि १६ जना उम्मेदवार संक्षिप्त सूची (सर्टलिस्ट) मा परेका छन् ।

नेपाल पर्यटन बोर्डको कार्यकारी प्रमुख छनोट तथा नियुक्ति सिफारिस कार्यविधि, २०८३ अनुसार उम्मेदवार हरूको मूल्यांकन गर्दा सबैभन्दा बढी अंक प्राप्त गर्ने १६ जनालाई संक्षिप्त सूचीमा समावेश गरिएको हो ।

बोर्डको छनोट उपसमितिले शुक्रबार (कात्तिक २०) सार्वजनिक गरेको सूचनाअनुसार संक्षिप्त सूचीमा पर्ने उम्मेदवारहरूलाई वर्णानुक्रम अनुसार राखिएको छ ।

सर्टलिस्टमा पर्नेहरूमा आशुतोष प्रधान (चितवन), उत्तम प्रसाद देवकोटा (चितवन), टेक बहादुर महत (इलाम), धर्मराज दवाडी (चितवन), नोजल कोइराला (मोरङ), युविका भण्डारी (काठमाडौं), राजाराम के.सी. (काठमाडौं) र राम चन्द्र सेढाई (गोरखा) छन् ।

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०९०४९०

गंगा ट्राभल्स एण्ड टुर्स
हाङ्गा सेवाहरू:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ दुर ग्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA
CASH BACK OFFER
RS. 100 -5000
9842645136
GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
झापाली इटा
धजाटमा
झापाली इटा झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

◆ प्रधान सम्पादक/प्रकाशक: गज्जबहादुर दाहाल, ◆ कार्यकारी सम्पादक: खगेन्द्र कार्की ◆ सहसम्पादक: विमल लामिछाने ◆ बजार व्यवस्थापक: केशव खनाल ◆ लेआउट: सुरेन बस्नेत
कार्यालय: दमक-५, झापा, फोन: ०२३-५६०२७२, मुद्रण: ज्योति अफसेट प्रेस, E-mail:purbasandesh@yahoo.com